जिल्ला प्रशासन कार्यालय काठमाडौं

इजलाश

प्रमुख जिल्ला अधिकारी एकनारायण अर्याल

**फैसला**

सम्बत् २०७१/०७२ सालको स.वा.फौ.मि.नं.२४/४७ (हातहतियार)

दर्ता मिति :– २०७०/०४/०६

मुद्दा :– हातहतियार खरखजाना ।

निर्णय नं.१६७४ , मिति :– २०७१/१०/१९

| वादी | प्रतिवादी |
|---|---|
| प्रहरी प्रतिवेदनले **नेपाल सरकार**..........१ | जि. सोलुखुम्वु, काँकु गा.वि.स. वडा नं.९ घर भई का.जि.,भोटेबहालमा बस्ने वर्ष २५ को लाक्पा शेर्पा.................. १ |
| निजको प्रमाण................................ | निजको प्रमाण .................................................. |
| साक्षी .............. | साक्षी .................................................. |
| कागज......................................... | कागज .................................................. |

**यस कार्यालयबाट बुझेको**

प्रमाण...........................................

साक्षीः-

कागजः

**हातहतियार खरखजाना ऐन, २०१९ को दफा २४(१) ले यसै कार्यालयको क्षेत्राधिकारभित्र  पर्ने भई पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण र यस कार्यालयको ठहर यस प्रकार छ :–**

**मुद्दा : हातहतियार खरखजाना ।**

(१) लाक्पा शेर्पाले अबैध हातहतियार ओसार पसार तथा बिक्री वितरण गर्दछन भन्ने सूचनाको आधारमा खोजतलास गर्दै जाँदा  मिति २०७०।०३।१२ गतेका दिन का.जि.,का.म.न.पा वडा नं. १२ भोटेबहाल स्थित चोकमा फेला पारी पक्राउ गरी निजको शरीर तलासी लिंदा निजले आफ्नो शररिमा लुकाई छिपाई राखेको अबस्थामा पेस्तोल थान १ , सोको म्याग्जीन थान १ र गोली राउण्ड ३ फेलापारी बरामद गरी मानिस समेत पेश गरिएको भन्ने व्यहोराको खानतलासी तथा वरामदी मुचुल्का सहितको प्रहरी प्रतिवेदन ।

(२) मैले गाडि चलाउँदा प्रायः मेरो गाडिमा हिड्ने जीवन तामाङ्गलाई मैले रु. ६०,०००।- दिए वापत मलाई पेस्तोल, सोमा फिट हुने म्याग्जीन र गोली राउण्ड ३ समेत दिएका हुन । उक्त हतियार २ बर्ष मैले साथमा राखें र हाल आएर टिका के.सी. भन्ने लाई रु. ५०,०००।- मा मैले बिक्री गरेको हो , सो हतियार टिका के.सी.को मोटरसाइकलमा राखीदिन लैजाँदैको अबस्थामा प्रहरीले पक्राउ गरेको हो । हतियार हेरी चिनि सनाखत गरिदिएँ । विक्री गर्दा लिएको रकम रु. ५०,०००।- खाई मासी सकें भन्ने समेत व्यहोराको प्रतिवादी लाक्पा शेर्पाले अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान कागज ।

(३) टिका के.सी. भन्ने व्यक्ति फेला नपरेको भन्ने समेत व्यहोराको प्रहरी प्रतिवेदन ।

(४) पक्राउमा नपरी फरार रहेको नाम थर वतन नखुलेको जोन, हरिश, राजु र धन्जु भन्ने अभियुक्तको खोज तलास गर्दा गराउदा हाल सम्म पनि फेला नपरेको भन्ने समेत व्यहोराको प्रहरी प्रतिवेदन ।

(५) यसमा महानगरीय प्रहरी परिसर काठमाण्डौबाट अनुसन्धान भई अभियोजनार्थ प्राप्त मिसिल संलग्न खानतलासी तथा वरामदी मुचुल्का प्रहरी प्रतिवेदन, सनाखत कागज, प्रतिवादी लाक्पा शेर्पाल गरेको बयान कागज समेतका

मिसिल संलग्न कागज प्रमाणहरुबाट यी प्रतिवादीले विना इजाजत अबैध रुपमा हातहतियार खरखजाना बोकी, बिक्री गर्न भनी हिंडिरहेको अबस्थामा मिति २०७०।०३।१२ गते  गतेका दिन भोटेबहालबाट ग्रिपको तलदेखी माथि सम्म १३ इन्च भएको ग्रिपमा काठको भाग भएको होम मेड पेस्तोल थान १ सोहि पेस्तोलमा फिट हुने म्याग्जीन थान १ K.F.01, 9 mm लेखिएको गोली राउण्ड १, K.F.02, 9 mm लेखिएको गोलि राउण्ड २ सहित निजबाट बरामद भएको र सो हतियार तथा गोलीहरु जीवन तामाङ्गलाई रु. ६०,०००।- दिए वापत निजले मलाई दिएको र सोहि हतियार र गोलिहरु रु. ५०,०००।- लिई टिका के.सी. लाई विक्री गरि निजको मोटरसाइकलमा राखीदिन जाँदा पक्राउ परेको व्यहोरा निज स्वयंले स्वीकार गरेको समेत अबस्था देखिंदा निजले विना इजाजत अबैध हातहतियार खरखजाना राखी ग्राहक खोजी,बेच बिखन समेत गर्दा गर्दैको अबस्थामा पक्राउ परेको पुष्टि हुन आएकोले **निजबाट भए गरेको उक्त कार्य हातहतियार तथा खरखजाना ऐन, २०१९ को दफा ३(२) र ५(१) विपरितको कसुर अपराध देखिंदा निजलाई सोहि ऐनको दफा २०(२) बमोजिम सजाय हुन र बरामद हातहतियार तथा खरखजाना सोहि ऐनको दफा १६ बमोजिम जफत समेतको मागदावी लिई पक्राउ प्रतिवादी लाक्पा शेर्पा र सक्कल मिसिल यसै अभियोगपत्र साथ पेश गरिएको व्यहोरा अनुरोध छ भन्ने समेत व्यहोराको यस कार्यालयमा पेश गरिएको अभियोग पत्र ।**

(६) म ट्याक्सी चलाउने काम गर्दछु । मेरो टयाक्सीमा प्राय: हिडिरहने जीवन तामाङ्गले करिव २ बर्ष भन्दा पहिले मलाई साह्रै अप्ठेरो पऱ्यो । रु. ६०,०००।- दिनुहोस् बरु म सुनका गरगहना धितो राखेर पछि पैसा फिर्ता गरी गहना लैजाउँला भनेकाले पैसा दिई गहना दिनुहोस् भनेको निजले यो लिनुहोस गहना छ भनी एउटा झोला दिए । झोला हेर्दा पेस्तोल रहेछ । मैले दाई गहना भनेर किन पेस्तोल दिनु भएको भन्दा झर्कीएर राख्ने भए राख हाम्रो त कामै यस्तै हो पछि तिमिलाई अप्ठेरो पर्ला भनी भनेकाले हतियार लिई राखेको थिएँ । २०७०/०३/१० गते टिका के.सी. भन्नेले म जीवनको साथि हुँ । हतियार दिनु भन्यो । मैले जीवन संग रु. ६०,०००।- लिनु छ भनें । निज टिका भन्नेले मलाई जीवनले पठाएको हो । यो ५०,०००।- राख भनेकाले सो रकम लिई निज टिका के.सी.लाई दिएको हुँ । मलाई मिति २०७०/३/११ गते पक्राउ गरेको हो भन्ने समेत व्यहोराको प्रतिवादी लाक्पा शेर्पाले यस कार्यालयमा गरेको बयान ।

(७) यसमा यी प्रतिवादी लाक्पा शेर्पाले वयान गर्दा आफु पक्राउ पर्दा आफ्नो साथबाट हतियार एवं गोली बरामद भएको होईन भनी वयान गरेका भएता पनि निजले करिब २ बर्ष पहिले जीवन तामाङ्ग भन्ने व्यक्तिलाई रु. ६०,०००।- दिई सोको धितो स्वरुप सो हतियार राखेको र पक्राउको अघिल्लो दिन २०७०।०३।१० गते सो रु. ६०,०००।- मध्ये रु. ५०,०००।- फिर्ता लिई टिका के.सी. भन्ने मानिसलाई दिएको हुँ भनी आफुले २ बर्ष विना इजाजत हातहतियार खरखजाना राखेको स्वीकारी बयान गरेकाले पछि थप प्रमाण बुझी फैसला हुँदा ठहरे बमोजिम हुने गरी हाल लाई हातहतियार खरखजाना ऐन , २०१९ को दफा २४ क. बमोजिम प्रस्तुत मुद्दाको पुर्पक्षको निम्ति थुनामा राखी कारवाही अगाडी बढाउनु भन्ने समेत व्यहोराको यस कार्यालयको मिति २०७०/०४/०६ को थुनछेक आदेश ।

## ठहर

नियम बमोजिम पेशी सूचिमा चढी निर्णयार्थ पेश हुन आएको प्रस्तुत मुद्दामा मिति २०७०।३।१२ गतेका दिन काठमाण्डौं जिल्ला, का.म.न.पा.भोटेबहाल स्थित चोकमा प्रतिवादी लाक्पा शेर्पालाई फेला पारी चेकजाँचको क्रममा प्रतिवादी लाक्पा शेर्पाको शरिर तलासी लिदा निजले आफ्नो शरिरमा लुकाई छिपाई राखेको अवस्थामा पेस्तोल थान १,सो को म्याग्जीन थान १ र गोली राउण्ड ३ समेत फेला परी वरामद भएकोले प्रतिवादी लाक्पा शेर्पालाई **हातहतियार खरखजाना ऐन,** २०१९ को दफा ३(२),र ५(१) विपरितको कसूरमा ऐ. दफा २०(२) बमोजिम सजाँय गरी वरामद हतियार खरखजना ऐ.दफा १६ बमोजिम तफत गरी पाउँ भन्ने अभियोग दावी रहेछ ।

यसमा प्रतिवादी लाक्पा शेर्पाले अभियोग मागदावी वमोजिम कसूर गरेका हुन होइनन्, गरेका भए निजहरुलाई के कस्तो सजाँय हुनु पर्ने हो भन्ने सम्वन्धमा निर्णय दिनु पर्ने देखिन आएको छ ।

मिसिल संलग्न कागजातरु अध्ययन गरी अव निर्णय तर्फ विचार गर्दा मिति २०७०।३।१२ गते काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं. १२ भोटेवहालचोकमा प्रतिवादी लाक्पा शेर्पाको शरिर खानतलासी गर्दा निजको साथबाट पेस्तोल ग्रिपमा काठको दाप भएको Home Made थान १, सो को म्याग्जिन

थान १, १K.F.01, 9 mm लेखिएको गोली राउण्ड १, K.F.02, 9 mm लेखिएको गोलि राउण्ड २ वरामद भएको भन्ने खानतलासी वरामदी मुचुल्का,भई सो मुचुल्काको रोहवरमा यी प्रतिवादी लाक्पा शेर्पाले सहीछाप गरेको देखिन्छ । अनुसन्धान अधिकारी समक्षको वयानमा वरामदी मुचुल्काको रोहवरमा यी प्रतिवादी लाक्पा शेर्पाले सहीछाप गरेको देखिन्छ । अनुसन्धान अधिकारी समक्षको वयानमा वरामदी मुचुल्काको रोहवरमा भएको सहीछाप मेरै हो । आज भन्दा दुई वर्ष अगाडि देखी म काठमाण्डौमा ट्याक्सि चलाउने काम गर्दै आएकोमा ट्याक्सिमा नियमित प्रायः चढीरहने जीवन तामाङ भन्नेले मसँग रु ६०,०००।- माग्यो र मैले छैन भन्दा ३/४ दिनमा रु पाँचहजार व्याज सहित रुपैया फिर्ता गर्छु भनेपछि रु ६०,०००।- दिए । निज जीवन तामाङले ३/४ दिनपछि कपडाले वेरेको चिजवस्तु मलाई दिए, त्यो वस्तु के रहेछ भनी खोली हेर्दा पेस्तोल थान १ र गोली राउण्ड ३ समेतका सामान देखेपछि के हो भनी सोध्दा चलन यही हो,केही कुरा नगर भन्ने जवाफ दिएपछि उक्त हतियार कोठामा लगि दुई वर्ष सम्म आफुको साथमा राखेको र हाल पक्राउ पर्नु भन्दा अघिल्लो दिन म जीवन तामाङको साथी हुँ, उसले मलाई पठाएको, तपाईसँग भएको पेस्तोल मलाई दिनुहोस् भनी टिका के सी भन्नेले माग्दा मलाई रु ५०,०००।- चाहिन्छ,उक्त रकम दिएमा सामान दिन्छु भन्दा निजले पैशा दिए र पेस्तोल र गोली कपडामा बेरी साथमा राखी मिति २०७०।३।१२ गते भोटेवहाल पिपलबोट नजिक टिका के सी को मोटरसाइकलमा राख्न लैजादाको वखत प्रहरीले फेला पारी पक्राउ गरेको हो भनी वयान गरेका,यस कार्यालय समक्षको वयानमा करिव दुई वर्ष भन्दा पहिले रामेछाप तिर घर वताउने जीवन तामाङ भन्ने व्यक्ति मेरो ट्याक्सिमा नियमित चढ्ने गर्थ्ये,यसै सिलसिलामा दुई वर्ष पहिले एक दिन निजले मसँग रु ६०,०००।- रुपैया दिनुहोस् साह्रै अप्ठेरो पऱ्यो,भनी पैशा माग्दा मसँग छैन भन्दा गहना बन्दकी राख्छु ३/४ दिनमा रु ५०००।- व्याज सहित थपेर दिन्छु भनेकोले २/३ दिन पछि पैशा दिदा निजले गहना भएको झोला भनेर दिए । झोला खोली हेर्दा पेस्तोल रहेछ र मैले किन पेस्तोल दिएको भनी झर्किएर राख्ने भए राख, हाम्रो त कामै यस्तै हो,३/४ दिनमा पैशा फर्काएर सामान म लैजाउला हल्ला गरेमा अप्ठेरो पर्ला भनेकोले डेढ दुई वर्ष जती राखी राखे । मिति २०७०।३।१० गते टिका के सी भन्ने व्यक्तिले म जीवनको साथी हो भनी हतियार मागे र ५०,०००।- रुपैया दिए र मैले उक्त हतियार टिका के सी लाई दिएको हुँ । पक्राउ पर्दा पक्राउ पर्दा मेरो साथमा हतियार गोली थिएन । प्रहरीले काँहाबाट वरामद गरेको हो थाहा भएन, मलाई वयान गराउदा पेस्तोल देखाएका थिए, हेर्दा मैले राखे जस्तै पेस्तोल थियो, नम्वर मलाई थाहा भएन । वाध्यता परी राखेको हुँ भनी वयान गरेका रहेछन् ।

वरामद भई आएको चिजबस्तु घरेलु स्तरमा निर्मित (Home Made) पेस्तोल रहेको, पेस्तोल चालु हालतमा रहेको र पेस्तोलबाट फायरिङ पनि भई सकेको, गोलीहरु सोही पेस्तोलमा लाग्ने गोली भएको भन्ने व्यहोराको हतियार परीक्षण प्रतिवेदन मिसिल संलग्न देखिदा वरामद भएको चिजबस्तु हातहतियार खरखजाना भएको र प्रयोग भई सकेको तथ्यमा कुनै विवाद भएन ।

प्रतिवादीले आर्थिक प्रलोभनमा परी हातहतियार खरखजाना विक्री गर्ने उद्धेश्यले साथमा बोकी हिडेको भन्ने अनुसन्धानको क्रममा भएको वयान र सो व्यहोरासँग लगभग समान व्यहोराको यस कार्यालय समक्ष गरेको वयानका आधारमा प्रतिवादीको साथबाट हातहतियार खरखजाना वरामद भएको भन्ने तथ्यमा कुनै विवाद रहेन । कानूनद्धारा प्रतिवन्धित चिजबस्तु कसैको साथबाट वरामद हुन्छ भने त्यो अपराधिक बस्तु कसरी रहन आयो,त्यसको सन्तोषजनक र मनासिव माफिकको जवाफ वा प्रमाण दिने भार त्यस्तो बस्तु वरामद गरिएको व्यक्तिमा रहन्छ । यसलाई प्रमाणको भार प्रतिवादीमा सरेको भनी व्याख्या गर्न मिल्दैन । प्रतिवादीले आफु निर्दोष छु जिकिर लिएता पनि सो को पुष्ट्याईका लागि कुनै साक्षी प्रमाण पेश गर्न सकेको देखिएन भने अर्को तर्फ वादी पक्षका साक्षी प्रहरी जवान प्रेम कार्कीले निज प्रतिवादीको शरिर खानतलासी गर्दा हातहतियार खरखजाना वरामद भएको भन यस कार्यालयमा आई वकपत्र गरी वरामदी मुचुल्कालाई थप पुष्ट्याई गरेको देखियो ।

अतः प्रतिवादीले आफ्ना साक्षी प्रमाण पेश गर्न नसक्नुका साथै खानतलासी वरामदी मुचुल्का,प्रतिवादीको वयान, बुझिएका मानिसहरुले अनुसन्धानको क्रममा गरेको कागज,वादीका साक्षीले यस कार्यालय समक्षमा गरेको वकपत्र,हतियार परीक्षण प्रतिवेदन समेतका कागजातहरुका आधारमा प्रतिवादी लाक्पा शेर्पाले लाइसेन्स विना हातहतियार खरखजाना साथमा राखी,बोकी हिडी हातहतियार खरखजना ऐन,२०१९को दफा ३(२) र ५(१) वमोजिमको कसूर गरेको ठहर्छ । सो ठहर्नाले निजलाई ऐ.दफा २०(२) बमोजिम ३ (तीन) वर्ष कैद हुन्छ । । वरामद

भई आएको पेस्तोल तथा गोली ऐ. दफा १६ बमोजिम जफत हुन्छ । अरुमा तपसील बमोजिम गर्ने गरी प्रस्तुत मुद्दा मु.ऐ.अ.बं.१८६ नं. बमोजिम फैसला गरी दिएँ ।

<u>तपसिल</u>

माथि ईन्साफ खण्डमा लेखिए बमोजिम प्रतिवादी लाक्पा शेर्पालाई ३(तीन) वर्ष कैद सजाय हुने ठहरेकोले पक्राउ परेको मिति २०७०।३।१२ बाट हिरासतमा बसेको अवधि गणना गरी प्रतिवादी लाक्पा शेर्पालाई कैदमा बस्न कैदीपूर्जि/पुनरावेदन म्याद दिनू.................................................... .......................................१

वरामद हातहतियार खरखजाना जफत हुने ठहरेकोले नियमानुसार आम्दानी बाँधी यस कार्यालयमा जानकारी दिन सम्बन्धित प्रहरी कार्यालयमा लेखि पठाउनु.........................................................................२

जिल्ला सरकारी वकिल कार्यालय,काठमाण्डौलाई प्रस्तुत फैसलाको जानकारी दिनू ....................................३

सरोकारवालाले फैसला र मिसिल संलग्न कागजातको नक्कल माग्न आए कानून बमोजिम नक्कल दिनू..........४

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी म्यादमा पुनरावेदन परे मिसिल श्री पुनरावेदन अदालत पाटनमा पठाई दिनू र नपरे नियमानुसार गरी अभिलेख राख्नू ..........................................................................५

श्रीमान् प्र.जि.अ.ज्यूले टिपाउनु भए बमोजिम टिपी
कम्प्युटर टाइप गर्ने ना.सु.परशुराम थापा,
ना.सु. भुवराज घिमिरे

..................................
( एकनारायण अर्याल )
प्रमुख जिल्ला अधिकारी

प्रशासकीय अधिकृत : कृष्ण गैह्रे

इति सम्बत् २०७१ साल माघ १९ गते रोज २ शुभम् ......................